# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ साउन ६ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | आर्थिक ऐन, २०८३ को दफा १८ को उपदफा (१) बमोजिम शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क पूर्ण रूपमा छुट दिने। |
| २ | अर्थ मन्त्रालय | २०८३ साउन १ देखि लागु हुने गरी सार्वजनिक पदाधिकारी र राष्ट्रसेवक कर्मचारीको नयाँ तलबमान निर्धारण गर्ने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | विद्युत नियमन आयोगको अध्यक्ष पदमा डा. रामप्रसाद धिताल, सिन्धुपाल्चोक तथा सदस्य पदमा श्री जयराज भण्डारी, काठमाडौं श्री लोकराज पाठक, काठमाडौं र श्री बलराम सिलवाल, धादिङलाई नियुक्ति गर्ने। |
| ४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | विशेष अदालत काठमाडौंको अध्यक्ष पदमा उच्च अदालत तुलसीपुरका माननीय न्यायाधीश श्री वासुदेव आचार्यलाई तोक्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | राजस्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री ध्रुवराज नन्द, राजस्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत पोखराका माननीय न्यायाधीश श्री अन्जु उप्रेती ढकाल र राजस्व न्यायाधिकरण विराटनगरको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री दिपेन्द्रबहादुर बमलाई तोक्ने। |
| ६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | श्रम अदालतको अध्यक्ष पदमा उच्च अदालत सुर्खेतका माननीय न्यायाधीश श्री दीपेन्द्र अधिकारीलाई तोक्ने। |
| ७ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१/०८/०४ को निर्णयबमोजिम हाल स्वीकृत दरबन्दीमा करारमा कार्यरत सशस्त्र वन रक्षकहरूलाई अर्को व्यवस्था नभएसम्म निरन्तरता दिन स्वीकृति प्रदान गर्ने। |
| ८ | गृह मन्त्रालय | गैरकानूनी रूपमा नेपालमा बसोबास गर्दै आएका सोह्रजना विदेशी नागरिकहरूलाई बिलम्ब शुल्क र जरिवाना मिनाहा गरी निष्काशन गर्ने। |
| ९ | गृह मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखमा डा. धर्मराज उप्रेती, डडेल्धुरालाई नियुक्ति गर्ने। |

| | | |
|---|---|---|
| १० | परराष्ट्र मन्त्रालय | कतारका पूर्वअमिरको निधनमा नेपाल सरकारको तर्फबाट समवेदना व्यक्त गर्न सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवको नेतृत्वमा २०८३ असार ३० देखि ३२ गतेसम्म कतार भ्रमणमा सहभागी नेपाली प्रतिनिधिमण्डलको भ्रमण समर्थन गर्ने। |
| ११ | परराष्ट्र मन्त्रालय | इजिप्ट, अष्ट्रिया, बहराइन, बङ्गलादेश र म्यानमार कार्यरत नेपाली राजदूतहरूलाई उक्त मुलुकहरूमा नयाँ राजदूत नियुक्तिको सिफारिस भई सम्बन्धित मुलुकबाट नियुक्तिको सहमति प्राप्त नभएसम्म राजदूतको रूपमा कामकाज गर्न स्वीकृति दिने। साथै, ब्राजिलका लागि नेपाली राजदूतको पदावधि २०८३ असोज मसान्तसम्म थप गर्ने। |
| १२ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गुठी संस्थानको प्रशासक पदमा श्री शैलेश राज कुँवर, काठमाडौंलाई नियुक्ति गर्ने। |
| १३ | विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय | विज्ञान, प्रविधि तथा नवप्रवर्तन विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०८५ साल भदौ मसान्तसम्मको लागि पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय नियमित हवाई उडानमा पार्किङ, ल्याण्डिङ तथा न्याभिगेसन शुल्क पूर्णरूपमा छुट दिन र ग्राउण्ड ह्याण्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिन स्वीकृति दिने। |
| १५ | अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकको माग सम्बोधन गर्ने सम्बन्धमा गठित समिति र मिटरब्याज विरूद्ध किसान मजदुर आन्दोलनका प्रतिनिधिबिच मिति २०८३।०४।०१ मा भएको सम्झौता अनुमोदन गर्ने। मिटरब्याजसम्बन्धी कुप्रथाको उन्मुलन भएको र फर्जी लिखतहरू अवैध घोषणा गर्ने। | |
| १६ | गणेश नेपालीको आत्मदाह घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन उच्च अदालतका पूर्व न्यायाधीश श्री केशवप्रसाद बास्तोलाको संयोजकत्वमा न्यायिक समिति गठन गर्ने। | |
| १७ | राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री लोकनाथ पौड्याल २०८३ साउन ७ गतेदेखि अनिवार्य अवकाश हुनुहुने हुँदा उहाँलाई अवकाशको जानकारी दिने। | |
| १८ | राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव डा. गोविन्दप्रसाद शर्माले दिनु भएको राजीनामा स्वीकृत गर्ने। | |
| १९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशका प्रमुख सचिव श्री बीरेन्द्रकुमार यादवलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरूवा गर्ने। | |

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ साउन १३ गते बसेको बैठकका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| २ | अर्थ मन्त्रालय | नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ को अनुसूची २ मा हेरफेर गर्ने। |
| ३ | अर्थ मन्त्रालय | नेपालको निजी क्षेत्रमा लगानी गर्ने गरी आगामी १० वर्षको अवधिभित्र अन्तर्राष्ट्रिय ऋण बजारमा बिक्री गरिने नेपाली रुपियाँ अंकित ऋणपत्र (NPR denominated Offshore Bonds) जारी गरी अधिकतम अमेरिकी डलर २०० मिलियन बराबरको रकमसम्म ऋण उठाउन अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) र अमेरिकी डलर २०० मिलियन बराबरको रकमसम्म ऋण उठाउन एसियाली विकास बैंकलाई स्वीकृति प्रदान गर्ने। |
| ४ | अर्थ मन्त्रालय | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको अधिकृतलाई विदेशी विनिमयसम्बन्धी कसुरको अनुसन्धान अधिकारी तोक्ने। |
| ५ | अर्थ मन्त्रालय | आर्थिक वर्ष २०८४/८५ र २०८५/८६ को मध्यमकालीन खर्च संरचनाको अर्थ विविध ६०२ अनुदान सङ्केतमा प्रविष्ट भएको नियमित भन्दा बढी अनुमानित सीमालाई चालु आर्थिक वर्षको विनियोजन र खर्च क्षमतासमेतको आधारमा सङ्घीय संसदमा पेश भएको सीमामा फरक नपर्ने गरी मन्त्रालयगत सीमा पुनरावलोकन गर्न राष्ट्रिय योजना आयोगलाई स्वीकृति दिने। |
| ६ | अर्थ मन्त्रालय | कर्मचारी संचयकोष ऐन, २०१९ लाई संसोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| ७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | खानी तथा खनिज पदार्थसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८३ भदौ ३० देखि असोज १ गतेसम्म गणतन्त्र कोरियाको सिओलमा आयोजना हुने Global Infrastructure Cooperation Conference, 2026 को बैठकमा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री विराज भक्त श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ९ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| १० | कृषि, वन तथा पर्यावरण मन्त्रालय | २०८३ भदौ ६ देखि १२ गतेसम्म मंगोलियाको उलनबाटरमा आयोजना हुने Seventeenth Session of the Conference of the Parties of the United Nations Convention to Combat Desertification (UNCCD CoP 17) मा सहभागी हुन कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा.राजेन्द्र प्रसाद मिश्रलाई स्वीकृति प्रदान गर्ने। |
| ११ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने। |
| १२ | गृह मन्त्रालय | जवाहिर धोबीले झुट्टा विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय, रुपन्देहीबाट प्राप्त गरेको वंशजको आधारको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने र निजलाई नेपाली नागरिकबाट हटाउने। |
| १३ | परराष्ट्र मन्त्रालय | राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| १४ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहसचिवहरू श्री शिवादेवी दाहाल, श्री लोक प्रसाद न्यौपाने र टेकनारायण पौडेलले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |
| १५ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको सदस्य पदमा श्री खेट राज दाहाल, सिन्धुलीलाई मनोनयन गर्ने। |
| १६ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री कमलप्रसाद भट्टराईलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशको प्रमुख सचिवको पदमा कामकाज गर्ने गरी कायम मुकायम मुकरर गर्ने। |

| | | |
|---|---|---|
| १७ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणीका २३ जना सहसचिवहरूको सरूवा गर्ने। |
| १८ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३ सङ्घीय संसदसमक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने। |
| १९ | युवा, श्रम तथा रोजगार मन्त्रालय | बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी विधयेक, २०८३ सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| २० | रक्षा मन्त्रालय | नेपाली सेनाका महासेनानी श्री हरिबहादुर विश्वकर्मालाई सहायक रथी दर्जामा बढुवा गर्ने। |
| २१ | शिक्षा तथा खेलकुद मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा तोडफोड र आगलागी भई क्षति भएका शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीको जिन्सी सामान मिनाहा गर्ने। |
| २२ | शिक्षा तथा खेलकुद मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| २३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | आन्तरिक वायुसेवाको दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| २४ | सूचना तथा सञ्चार मन्त्रालय | राष्ट्रिय आमसञ्चार विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| २५ | सूचना तथा सञ्चार मन्त्रालय | दूरसञ्चार विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| २६ | | सर्वोच्च अदालतका रजिष्ट्रार (राजपत्राङ्कित विशिष्ट श्रेणी) श्री मानबहादुर कार्कीले दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| २७ | | नेपाल सरकारका सचिव श्री हरिप्रसाद मैनाली सेवा अवधिका कारण २०८३/४/१९ देखि अनिवार्य अवकाश हुनुहुने हुँदा उहाँलाई अवकाशको जानकारी एवं हालसम्मको योगदानको लागि नेपाल सरकारको तर्फबाट धन्यवाद दिने। |
| २८ | | नेपाल सरकारका सचिवहरू श्री लक्ष्मीकुमारी बस्नेत, श्री राधिका अर्याल, श्री कमलप्रसाद पोखरेल र श्री बाबुराम अधिकारीको सरूवा गर्ने। |